**प्रश्न नं. २०**

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.२३१८ देखि २४३९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

मिराकुमार थापाको जाहेरीले नेपाल सरकार
विरुद्ध
मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं. २० घर भै हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने भागिरथी कुर्मी र कृष्ण कार्की

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मिति २०७६।८।४ गते साँझ ८.३० बजेको समयमा कान्छो छोरा वर्ष १९ को शुकु थापा मगर साथीको घरमा जान्छु भनी बाहिर गएका पछिसम्म घर आएनन् । निज शुकु थापासँग मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं. २० घर भै हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने भागरथी कुर्मी तथा बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने कृष्ण कार्की समेतको के कुन कुरामा झगडा भै निज २ जनाले मेरो छोरा शुकु थापालाई धारिलो हतियार छुरी प्रहार गरी मृत्यु भएको भन्ने कुराको खबर काले भन्ने नगेन्द्र थापाले गरेकोले तत्काल छिमेकी सहित घटनास्थलमा गै हेर्दा छोराको छातीको दुई दुधको बीचमा धारिलो हतियार छुरा प्रहार भएको घाउचोट देखी निज प्रतिवादीहरूलाई आवश्यक कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको मिरा कुमारी थापाको जाहेरी दरखास्त ।

२. मिति २०७६।८।४ गते राति करिब ८.३० बजेको समयमा बुटवल उ.म.न.पा. वडा नं. ११ कालीकानगर शान्तिपथको चोकमा छुरा हानाहान भएको छ भन्ने खबर पाई तत्काल घटनास्थलतर्फ जाँदा चोकमा रगत रहेको, सो भन्दा केही दक्षिण बाटोको किनारामा फलामको विड भएको हँसिया फेला परेको र पूर्णलाल भण्डारीको घरको आँगनमा पुगी सोधपुछ गर्दा शुकु थापा उत्तानो अवस्थामा छातीबाट रगत आई कपडा समेत भिजेको, सोही स्थानमा भागिरथ कुर्मी र  कृष्ण कार्कीले  छुरा तथा हतियार प्रयोग गरेको चोट पिडाबाट मृत्यु भएको हो भन्ने बुझिएको हुँदा भागिरथी कुर्मीलाई पक्राउ गरी दाखेल गरेको छु भन्ने प्र.ना.नि. लक्ष्मण पुनको प्रतिवेदन ।

४. जिल्ला रूपन्देही बुटवल उ.म.न.पा. वडा नं. १० स्थित पूर्व सिद्धार्थराजमार्ग कालिकानगर प्रतिक्षालय, पश्चिम शिवलाल श्रीसको घर, दक्षिण कोशीराम वकीलको घर तथा शान्तिपथको चोक बाटोबाट आवतजावत गर्ने गल्ली गोरेटो बाटो, उत्तर भिम नारायणको घर यति ४ किल्ला भित्र पर्ने सिद्धार्थ राजमार्ग बाटोबाट ७५ फिट पश्चिम शिवलाल श्रीसको घर अगाडि बेलको फुलको रुखको फेदमा काठको बिँड भएको धारिलो अर्के पट्टी माछाकाँडे दाँत भएको चौडाई सवा एक इन्च बिँड देखि

टुप्पो सम्म १० इन्च लम्बाई, बिँड साढे तीन इन्च लम्बाई, बिँडको काँजोदेखि चुच्चोसम्म साँढे ६ इन्च लम्बाईको धारिलो छुरी १ फेला परेको भन्ने बरामदी मुचुल्का।

५. बुटवल उ.म.न.पा. वडा नं. ११ शान्तिपथ जाने बाटो चोकमा अं. २ फुट गोलाईमा रगत भै सो रगत मिति २०७६।८।४ गते राती परेको पानीले पाखलिए जस्तो ढुङ्गाहरूमा रगतको छिटाहरू लागेको देखिएको सो स्थान देखि १० मि. शान्तिपथ जाने ग्राभेलिङ्ग बाटोको पश्चिम किनारामा छालाको लोती सहित पौने ७ इन्च लम्बाई, पौने २ इन्च चौडा भएको छालाको दाप फेला परेको, सो देखि ८ मिटर दक्षिण चौरमा लम्बाई १ फुट ३ इन्चको फलामको बिँड भएको हँसिया फेला परेको भन्ने समेत घटनास्थल प्रकृति विवरण ।

६. उक्त घटनास्थल देखि दक्षिण पश्चिम २५ मिटर पूर्णबहादुर भण्डारीको घरको उत्तर पट्टी आँगनमा वर्ष १९ को शुकु थापाको लास रहेको मृतकको घाँटीको टिसर्ट आधी इन्च चौडा, १ इन्च लम्बाई काटिई छातीमा आधा इन्च चौडा १ इन्च लम्बाई छुरा हानेको घाउ देखिएको भन्ने लास जाँच प्रकृति मुचुल्का विवरण ।

७. मुटुमा घातक चोट परी मृत्यु भएको भन्ने मृतक शुकु थापाको लाश पोष्टमार्टम रिपोर्ट ।

८. मिति २०७६।८।४ गते राति म आफ्नै घरमा थिएँ । रातको ८.३० बजेको समयमा कृष्ण कार्कीले मलाई बाहिर बोलाई बाटो तर्फ आएपछि निजले मलाई गालामा १ थप्पड हिर्काएकोले किन हिर्काएको भनी भन्दा मृतक शुकु थापाले हातमा खुकुरी लिई म भएको ठाउँमा आई मलाई पंखा चोर लगाउने भन्दै शुकु थापाले मलाई खुकुरीले हान्न लाग्दा चुच्चो भागले मेरो दायाँ तर्फको च्यापुमुनी सानो घाउ लाग्न गएको तर पनि मैले समाती हिर्काउन मिलेन । निज र म धकेला धकेल गरेको अवस्थामा कृष्ण कार्कीले आफ्नो हातमा भएको छुरीले मलाई हिर्काउन लाग्दा सो चोट छल्न मैले शुकु थापालाई धकेल्दा सो छुरीको चोट शुकु थापाको छातीमा लाग्न, रोपीन गै भुईमा पल्टिएपछि निजको मृत्यु भएको हो भन्ने समेत प्रतिवादी भागिरथी कुर्मीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

९. उक्त मिति र समयमा मेरो कान्छो छोरा भागिरथीलाई कृष्ण कार्कीले बोलाई बाटोमा कुटपिट झगडा गरेको सुनी म र जेठा छोरा दिपक राय समेत भै सो ठाउँमा गै हेर्दा कृष्ण कार्कीको हातमा छुरी, शुकु थापाको हातमा खुकुरी देखे । ती मध्ये शुकु थापाले कान्छो छोरा भागिरथीलाई खुकुरीले हिर्काउँदा निजको हात समाती ताना तान धकेला धकेल गर्दा मैले चिच्याई गुहार भनी कराउँदा चुप तेरा आमा छोरालाई सिध्याई दिन्छु भनी नगेन्द्र थापाले हँसिया देखाई म र छोरा दिपक रायलाई धम्काउँदा शुकु थापा चुप लागेर बस साले कृष्ण र म भएपछि यस कन्हैयाका दाजु भाईलाई ठिक पार्छौ भनेको कुरामा नगेन्द्र थापालाई रिस उठी उल्टै मलाई गाली गर्छस भनी भागिरथी र शुकु थापाबीच धकेला धकेल भै कृष्ण कार्कीले हातमा लिएको छुरीले कन्हैया रायलाई हिर्काउन छाडेको चोट एकसाथ पर्न गई सो चोट भागिरथीबाट छलिई शुकु थापाको छातीमा रोपीन गएबाट भूँईमा पल्टिए पछि घटना स्थलमा प्रहरी आई भागिरथलाई पक्राउ गरेका हुन भन्ने समेत घटनाको अवस्थामा प्रत्यक्ष देख्ने पर्मिला कुर्मीले प्रहरीमा गरेको घटना विवरण कागज ।

१० . उक्त मिति, समय र स्थानमा झगडा कुटपिट भएको हो । बदमासहरूले खबरदार कोही घरबाट वाहिर निस्कियो भने भनी धम्की दिएको आवाज सुनेको कारण कुन-कुन व्यक्ति हुन् भन्ने कुरा यकिन

भएन । पछि शुकु थापाको मृत्यु भएपछि प्रहरीको गाडी पुगे पश्चात सो स्थानमा गई हेर्दा बुझ्दा शुकु थापाको छातीमा छुरीको घाउ चोट लागि मृत्यु भएको र घटनास्थलबाट कृष्ण कार्की भागेको भन्ने कुरा देखी सुनी थाहा पाएको हो भन्ने समेत व्यहोराको घटनास्थलमा बुझिएका शान्ति गुरुङ, नारायण भण्डारी, देवी पाण्डे र दिल कुमारी समेतको अलग-अलग प्रहरीमा भएको घटना विवरण कागज ।

११. मृतक शुकु थापा र भागिरथीका बीच हाना हान धकेला धकेल हुँदा कृष्ण कार्कीले हातमा लिई राखेको छुरीले भागिरथी कुर्मीलाई हान्न लाग्दा सोही छुरीले शुकु थापालाई लाग्न गै सोही चोटका कारण मृतक शुकु थापाको मृत्यु भएकोले आएकोले प्रतिवादीहरुको कार्यबाट मृतक शुकु थापाको मृत्यु भएको हुंदा प्रतिवादीहरु भागिरथी कुर्मी तथा फरार प्रतिवादी कृष्ण कार्कीलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद १२ दफा १७८ (१) बमोजिमको कसूर गरेकाले सो कसूरमा ऐ दफा १७८(२) बमोजिम सजाय गरी पाउँ । फरार प्रतिवादीलाई सम्मानित अदालतवाटै पक्राउ पूर्जी जारी गरी पाउनाका साथै सक्कल मिसिल र प्रतिवादी भागिरथी कुर्मीलाई आवश्यक कारवाहीका लागि यसै अभियोग पत्र साथ प्रस्तुत गरिएको छ भन्ने समेत व्यहोराको अभियोग पत्र माग दावी भएको ।

१२. मिति २०७५।८।४ गतेका दिन म मेरो घरमा थिएँ । म घरमा बसेको समयमा रातको ८.१० बजे प्रतिवादी कृष्ण कार्की मेरो घरमा आई मलाई एक छिन काम छ बाहिर आइज भनी बोलाए । म बाहिर आएपछि मलाई कुटपिट गरे । मलाई कृष्ण कार्कीले खुकुरी हान्न लाग्दा म तर्किका कारण निजे प्रहार गरेको खुकुरी शुकु थापालाई लाग्नु पुगी निज भुईमा पल्टिएको । निज कृष्ण कार्की खुकुरी सहित तत्काल फरार भएका र एकै छिनमा घटनास्थलमा प्रहरी आई मलाई पक्राउ गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी भागिरथी कुर्मीले शुरु जिल्ला अदालतमा गरेको बयान ।

१३. निवेदन साथ हाजिर भएका कृण्ण कार्कीले शुरु जिल्ला अदालतमा गरेको इन्कारी बयान ।

१४. जाहेरवाली, घटना विवरण कागज गर्ने शान्ति गुरुङ्ग र प्रतिवादीहरुका साक्षीहरुको बकपत्र ।

१५. रुपन्देही जिल्ला अदालतको भएको फैसला ।

१६. श्री उच्च अदालत तुलसीपुर बुटवल इजलासमा पर्न आएको पुनरावेदन पत्र ।